# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०७।१९ गते

# प्रेस विज्ञप्ति

### विषय: अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेज्यूको प्रमुख आतिथ्यमा मिति २०७५ साल कात्तिक १८ गतेका दिन अख्तियार दुरुपयोग अनुसन्धानको कार्यालय, कञ्चनपुरद्वारा कैलाली जिल्लाको धनगढीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

आयोगका सचिव श्री महेश्वर न्यौपाने र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद सचिवालयका प्रमुख सचिव श्री नारायणप्रसाद बिडारी विशिष्ट अतिथि रहनुभएको उक्त कार्यक्रममा कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुदूरपश्चिम प्रदेशका विभिन्न मन्त्रालय एवं निकायका सचिवहरु, क्षेत्रीयस्तरका कार्यालय प्रमुखहरु, प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरु, कैलाली जिल्लास्थित विभिन्न सरकारी एवं सार्वजनिक निकायका प्रमुख एवं प्रतिनिधिहरु, नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमितिका अध्यक्ष लगायत पत्रकारहरु समेत गरी १६५ जना सहभागीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा माननीय प्रमुख आयुक्त श्री नवीनकुमार घिमिरेज्यूले आयोग विकास कार्यको बाधक नभई साधकको रुपमा रहेको व्यहोरा उल्लेख गर्दै स्थानीय तहको वडास्तरबाटै जनताले सुशासनको अनुभूति गर्न पाउनुपर्ने कुरामा जोड दिनुभयो । साथै उक्त कार्यक्रममा आयोगका सचिव श्री महेश्वर न्यौपाने र सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री एवं मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव श्री नारायण प्रसाद बिडारी समेतले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा आयोगले खेलेको भूमिकाको बारेमा चर्चा गर्नुभएको थियो ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता